[redacted]

# बाल अधिकार संरक्षण समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि,२०८०

## माथागढी गाउँपालिका

बालबालिका सम्वन्धि ऐन, २०७५ को दफा ६० को उपदफा ३ र लुम्विनी प्रदेश बालबालिका सम्वन्धि ऐन, २०७६ को दफा ४४ बमोजिम बाल अधिकार संरक्षण र सम्बर्द्धनका लागि वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को अधिकार प्रयोग गरी माथागढी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद - १

१.संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "स्थानीय बाल अधिकार संरक्षण समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि,२०८० रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरे पश्चात लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले बालबालिका सम्वन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको बालबालिका सम्वन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ग) "प्रदेश मन्त्रालय" भन्नाले लुम्विनी प्रदेशको सामाजिक बिकास मन्त्रालय सम्झनु पर्दछ।

(घ) "प्रदेश समिति" भन्नाले बालबालिका सम्वन्धि ऐन, २०७५ को दफा ६० को उपदफा ६१ बमोजिम बाल अधिकार समिति सम्झनुपर्दछ ।

(ङ) "स्थानीय तह" भन्नाले माथागढी गाउँपालिका सम्झनु पर्दछ ।

(च) "बालकल्याण अधिकारी" भन्नाले बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम नियुक्ति भएको वा तोकीएको अधिकारी सम्झनु पर्दछ ।

[redacted]

(छ) "समिति" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा २ तथा यस कार्यविधिको दफा ३ बमोजिमको स्थानीय बालअधिकार संरक्षण समिति सम्झनु पर्दछ।

(ज) "स्थानीय बालअधिकार सरक्षण समिति" भन्नाले गाउँपालिका बाल अधिकार संरक्षण समिति र वडा बाल अधिकार संरक्षण समिति समझनुपर्छ ।

## परिच्छेद — २

३. गाउँ बाल अधिकार समिति गठनः-

(१) वालवालिकाको अधिकार तथा हकहितको सरक्षण र सम्वर्द्धन गर्न गाउँपालिका देहाय बमोजिमको गाउँ बाल अधिकार संरक्षण समिति रहनेछ ।

(क) उपप्रमुख वा निजले तोकेकेको कार्यपालिका सदस्य -अध्यक्ष

(ख) प्रमुख/उपप्रमुखले तोकेको कार्यपालिका सदस्य/महिला सदस्य १ जना -सदस्य

(ग) शिक्षा शाखा प्रमुख -सदस्य

(घ) स्वास्थ्य शाखा प्रमुख -सदस्य

(ङ) तोकीएको अस्पतालको प्रमुख चिकित्सक -सदस्य

(च) गाउँपालिका भित्रको प्रहरी कार्यालय प्रमुख १ जना -सदस्य

(छ) गाउँपालिका भित्रको माध्यमिक विद्यालयको प्रधानध्यापक वा शिक्षक १ जना -सदस्य

(ज) बाल अधिकारको क्षेत्रमा कार्यअनुभव भएका व्यक्ति मध्येबाट प्रमुख/उपप्रमुखले मनोनयन गरेको दुइ जना सदस्य -सदस्य

(झ) महिला विकास सहकारी संस्थाको प्रतिनिधी १ जना -सदस्य

(ञ) बाल अधिकारको क्षेत्रमा क्रियाशिल गै.स.स. प्रतिनिधि १ जना -सदस्य

(ट) बाल मनोविज्ञ वा बाल न्यायका क्षेत्रमा काम गर्ने अधिवक्ता -सदस्य

(ठ) गाउँपालिका स्तरीय बाल सञ्जालको अध्यक्ष सहित २ जना (बालक र बालिको)-सदस्य

(ड) बालअधिकार सम्वन्धि हेर्ने शाखा प्रमुख -सदस्य सचिव

अध्यक्ष

(२) मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (झ) बमोजिम सदस्य मनोनित हुनका लागि भ्रष्टाचार, जवरजस्ती करणी, मानव वेचविखन तथा ओसारपोसार, लागुऔषध बिक्री वितरण तथा औसारपोसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धि कसूर, संगठित अपराध, बालबालिका विरुद्धको कसूर, बालअधिकार हनन् वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको व्यक्ति हुनुपर्नेछ ।

४. गाउँ बालअधिकार संरक्षण समितिको काम कर्तव्य र अधिकारः

(१) दफा ३ बमोजिम गठन हुने गाउँ बालअधिकार संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिको दिर्घकालिन नीति, योजना, र बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत व्यवस्था गर्ने,

(ग) गाउँपालिकामा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समिक्षा गरी सुझाव दिने,

(घ) बालअधिकार सम्वन्धि कार्यक्रम कार्यन्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह र अन्य सरोकारवाला निकायहरु सँग समन्वय तथा सहकार्य गर्ने,

(ङ) नेपाल पक्ष रहेका बालअधिकार सम्वन्धि अन्तर्राष्ट्रिय, क्षेत्रीय सन्धिसँग सम्वन्धित गाउँस्तरीय आवधिक प्रतिवेदन तयार गर्न सहजिकरण गर्ने,

(च) गाउँपालिका भित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पिडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसा रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण र व्यवस्थापन र बालबालिका खोजतलास नं.१०४ तथा बाल हेल्प लाइन १०९८ (दश नौ आठ) नेपाल सचालन सेवा अभिवृद्धि जस्ता कार्य समन्वय, सहयोग र सहजीकरण गर्ने,

(छ) बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्वन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) बालबालिका सम्वन्धि प्रतिवेदन तयार गरि मन्त्रालय, प्रदेश मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद र सम्वन्धित निकायहरुमा पठाउने,

अध्यक्ष

(झ) बालबालिका सम्बन्धि स्थानीय तथ्यांक/विवरण संकलन, अभिलेखिकरण तथा सूचना प्रणालीको विकास, संचालन, व्यस्थापन र सुद्धिकरणमा सहयोग गर्ने,

(ञ) बालसंरक्षण तथा बालअधिकार प्रवर्द्धनका लागि संचालन हुने राष्ट्रिय/प्रादेशिक र गाउँपालिकाको अभियानमा सहयोग गर्ने,

(ट) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिने दिने कार्यलाई व्यवस्थित गर्न सहजिकरण गर्ने,

(ठ) गाउँपालिका भित्र संचालित बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र लगायत भएमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारीताका सम्बन्धमा देहायको बुँदाहरुमा अनुगमन टोली/समिति गठन गरि अनुगमन गर्ने/गराउने,

१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरि राखेको छ वा छैन,

२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छैन,

३) बालक्लव गठन गरी बालबालिकालाई खेलकुद, मनोरञ्जन तथा साँस्कृतिक कार्यक्रम लगाएतका बालसहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

४) बालबालिका ऐन, प्रचलित कानुन तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

५) बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापन केन्द्र तथा सामाजिकीकरणको केन्द्रमा कुनै काम भएको छ वा छैन,

६) उपखण्ड (५) मा उल्लेखित गृह र केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,

७) बालगृह आश्रित बालबालिकाको बैकल्पिक हेरचाहको व्यवस्थापनको प्राथमिकता अनुसार अन्तिम विकल्पको रुपमा बालकल्याण अधिकारीबाट व्यवस्थापन मिलाई राखिएको छ वा छैन,

८) व्यवस्थापन पक्ष तथा बालबालिकालाई ऐन, प्रचलित कानुन वा मापदण्ड बमोजिम पालना गर्नुपर्ने कुराहरु पालना गरेको छ वा छैन,

अध्यक्ष

९) उपलब्ध स्रोत, साधनलाई मध्यनजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

१०) बालसंरक्षण मापदण्ड निर्माण गरी लागु गरिएको छ वा छैन,

११) तोकिएको बमोजिम अन्य कार्य गर्ने ।

५.वडा बालअधिकार संरक्षण समितिको गठनः

गाउँपालिकामा प्रत्येक वडाभित्र देहाय बमोजिमको वडा बाल अधिकार संरक्षण समिति रहनेछः

क) वडा अध्यक्ष/अध्यक्षले तोकेको व्यक्ति -अध्यक्ष

ख) वडा महिला सदस्य -सदस्य

ग) वडा भित्रको स्वास्थ्य संस्था प्रमुख/प्रतिनिधि -सदस्य

घ) वडा भित्रका सामुदायिक वा संस्थागत विद्यालयहरु मध्येबाट वडाअध्यक्षले तोकेको एक जना प्रधानाअध्यापक -सदस्य

ङ) बालबालिकाको क्षेत्रमा क्रियाशिल वडाभित्रका गै.स.सं. बाट वडा अध्यक्षले तोकेको व्यक्ति -सदस्य

च) महिला संस्था/वडा महिला सञ्जाल प्रतिनिधि -सदस्य

छ) वडा बालसञ्जाल प्रतिनीधि -सदस्य

ज) बालअधिकारको क्षेत्रमा कार्यअनुभव भएको वडा अध्यक्षले तोकेको व्यक्ति -सदस्य

झ) वडा सचिव -सदस्य सचिव

७. गाउँ/वडा बाल अधिकार संरक्षण समितिको बैठक सम्बन्धि कार्यविधिः

गाउँ बालअधिकार संरक्षण समितिको वडा बालअधिकार संरक्षण समितिको बैठक सम्बन्धि कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ-

क) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

ख) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

ग) सदस्य सचिवले समितिको बैठक बस्ने सूचना र बैठकमा छलफल हुने विषयहरुको सूची सहित दुइ दिन अगाडी समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

अध्यक्ष

घ) समितिमा तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

ङ) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेका सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

च) बैठकमा उपस्थित सदस्यहरुको वहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षतामा गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

छ) समितिको बैठकको निर्णय समितिको अध्यक्षद्वारा प्रमाणित हुनेछ ।

ज) समितिको बैठक तथा संचालन खर्च गाउँपालिकाको नियमानुसार हुनेछ ।

झ) बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

ञ) समितिको बैठकमा आवश्यकता अनुसार विषयसँग सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

८. उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः

१। स्थानीय समितिले आफूले गर्नुपर्ने कुनै काम सुचारु रुपले संचालन गर्नका लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गरि परिचालन गर्न सक्नेछ ।

२। उपदफा १ बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार कार्यप्रकृति अनुसार काममा खटाए वा काम गरेवापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि गाउँपालिकाको प्रचलित नियमानुसार समितिले तोकीदिए बमोजिम हुनेछ।

## परिच्छेद — ३

९.विविधः

बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार

क) बालबालिकाको हकहितको संरक्षण तथा बालकल्याण सम्बर्द्धन गाउँस्तरीय योजना तथा कार्यक्रम तर्जुमा गर्न स्थानीय बालअधिकार समितिलाई सहयोग गर्ने,

ख) स्थानीय बालअधिकार संरक्षण समितिको निर्णय एवं निर्देशनहरु कार्यन्वयन गर्ने गराउने ।

ग) स्थानीय बालअधिकार संरक्षण समितिको सदस्य सचिव भई काम गर्ने ।

घ) स्थानीय बालअधिकार संरक्षण समितिबाट प्रत्यायोजित एवं निर्देशन अन्य काम गर्ने गराउने ।

अध्यक्ष